# स्थानीय राजपत्र

**भूमिकास्थान नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड–३, भूमिकास्थान, माघ १७ गते, २०७६ साल संख्या : ३**

## भाग–१

### भूमिकास्थान नगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम नगरसभाले बनाएको ऐनमा तल लेखिए बमोजिमको संशोधन तथा थप गर्नु पर्ने भएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सभाबाट स्वीकृत मिति : २०७६/८/२३

ऐनको नाम : **आर्थिक ऐन, २०७६/०७७ संशोधन तथा थप गर्न बनेको विधेयक, २०७६**

भूमिकास्थान नगरपालिकाको आर्थिक बर्ष २०७६/७७ को आर्थिक ऐनमा देहाय बमोजिम संशोधन तथा थप गरिएको विवरण सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

१. प्रस्तावनामा नेपालको संविधानको धारा २८८ को सट्टा नेपालको संविधानको धारा २२८ उल्लेख गर्ने ।

१.२ विभिन्न अनुसूचीमा उल्लेख भएको नगरसभाबाट अनुमोदन हुने गरी नगर कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ भन्ने शब्दहरुलाई हटाउने ।

२. आर्थिक ऐन, २०७६/७७ को दफा १३ पछि निम्न बमोजिमको दफा १३ क थप गर्ने ।

भूमिकास्थान नगरपालिका क्षेत्रभित्र अबैध र अनधिकृतरुपमा चोरी निकासी गरेको पाईएमा अनुसूची १३ बमोजिमको दण्ड जरिवाना गरिने र निजी आवादीका ढुङगा उपयोग गर्दा निम्न बमोजिम रोयल्टी लिईनेछ ।

**अनुसूची १३**

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| १. | ढुङ्गा गिटी बालुवा अबैध चोरी निकासी गरेमा प्रति ट्याक्टर प्रति ट्रिप | ७,०००/- |
| २. | ढुङ्गा गिटी बालुवा अबैध चोरी निकासी गरेमा प्रति ट्रक/ टिप्पर प्रति ट्रिप | १५,०००/- |
| ३. | स्काभेटर र जेसिवि प्रयोग गरी ढुङ्गा गिटी बालुवाको अबैध उत्खनन गरेमा | ५०,०००/- |
| ४. | अबैध रुपमा सानो स्त्री चौपाया चोरी निकासी गरेमा प्रति गोटा | २००/ र पटके ५००/- |
| ५. | अबैध रुपमा ठुलो स्त्री चौपाया चोरी निकासी गरेमा प्रति गोटा | १५००/- पटके ५,०००/- |
| ६. | निजि जग्गाबाट आफनै घर थारो बनाउने प्रयोजनका लागि ढुङगा गिटीको उपयोग गर्दा लाग्ने रोयल्टी | ०/- |
| ७. | निजि जग्गाबाट अन्य व्यक्तिको घर थारो बनाउने प्रयोजनका लागि ढुङगा गिटीको उपयोग गर्दा लाग्ने रोयल्टी प्रति टेक्टर | १००/- |

| | | |
|---|---|---|
| ८. | निजि जग्गाबाट अन्य व्यक्तिको घर थारो बनाउने प्रयोजनका लागि ढुङगा गिटीको उपयोग गर्दा लाग्ने रोयल्टी प्रति टिप्पर/ ट्रक | ३००/- |

आज्ञाले
( **नारायण प्रसाद भण्डारी** )
प्रमुख प्रशासकीय अधिकृत